# स्थानीय राजपत्र

शुद्धोदन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः११, भाग २, संख्या ०८, मिति २०८३ बैशाख २५ गते

## भाग-२

## शुद्धोदन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**शुद्धोदन गाउँपालिकाको रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकको तथ्याङ्क संकलन गर्ने सम्बन्धी मापदण्ड, २०८३**

## १. प्रस्तावना

शुद्धोदन गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरूको रोजगारी, बेरोजगारी तथा वैदेशिक रोजगारीको वास्तविक अवस्था पहिचान गर्न यो सर्वेक्षण सञ्चालन गरिनेछ। सर्वेक्षण कार्यलाई आधुनिक, व्यवस्थित र छरितो बनाउन Application (डिजिटल माध्यम) प्रयोग गरिनेछ। यस कार्यमा टोल विकास संस्थालाई परिचालन गरिनेछ र वडा कार्यालय तथा गाउँपालिका बीच समन्वयात्मक संरचना तयार गरिनेछ। यस सर्वेक्षणको उद्देश्य शुद्धोदन गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरूको रोजगारीको अवस्था, बेरोजगारीको स्थिति, वैदेशिक रोजगारीको अवस्था तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको वर्तमान सामाजिक, आर्थिक अवस्थाबारे व्यवस्थित तथ्याङ्क संकलन गर्नु हो। संकलित तथ्याङ्कलाई स्थानीय तहको योजना निर्माण, रोजगारमूलक कार्यक्रम, सीप विकास तालिम, उद्यमशीलता प्रवर्द्धन तथा वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूको पुनःएकीकरणमा उपयोग गरिनेछ। यस सर्वेक्षणबाट प्राप्त सबै जानकारी गोप्य राखिनेछ र केवल अध्ययन तथा नीतिगत प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी शुद्धोदन गाउँपालिका गाउँकार्यपालिकाले यो मापदण्ड बनाएको छ।

## २. उद्देश्य

- स्थानीय स्तरमा रोजगारीको अवस्था पहिचान गर्ने
- वैदेशिक रोजगारीको अवस्था तथा प्रवृत्ति विश्लेषण गर्ने
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको वर्तमान अवस्था अध्ययन गर्ने
- तथ्यमा आधारित योजना तथा कार्यक्रम निर्माणका लागि आधार तयार गर्ने

## ३. क्षेत्र र लक्षित समूह

यस सर्वेक्षण शुद्धोदन गाउँपालिकाका सबै वडाहरूमा गणक मार्फत सञ्चालन गरिनेछ।

लक्षित समूहहरूः

- कार्ययोग्य उमेर समूह (१८—५९ वर्ष) का व्यक्ति
- रोजगारीमा संलग्न व्यक्ति
- बेरोजगार व्यक्ति
- वैदेशिक रोजगारीमा गएका
- वैदेशिक रोजगारीमा जाने प्रकृयामा रहेका
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति

## ४. तथ्याङ्क संकलन प्रक्रिया

१. शुद्धोदन गाउँपालिकाले अनुसुचि १ बमोजिमको प्रश्नहरु राखेर डिजिटल Application **तयार** गरिनेछ।
२. **गणकले मोबाइल एपको** प्रयोग गरेर विवरण संकलन गर्नेछ।
३. गणकले अनुसुचि-१ बमोजिका प्रश्नहरुमार्फत हरेक घरपरिवारमा गई प्रत्यक्ष विवरण इन्ट्री गर्नेछन।

**५. डेटा गोपनीयता र सुरक्षा**

- संकलित सम्पूर्ण विवरण गोप्य राखिनेछ।
- विवरण अन्य कसैसँग सेयर गर्न पाइने छैन।
- एपमा सुरक्षित डेटा एन्क्रिप्सन प्रयोग गरिनेछ।

**६.गणक**

तथ्याङ्क संकलन गर्नको लागि शुद्धोदन गाउँपालिकाको सात वटै वडामा रहेका जम्मा ६९ टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ। सामान्य स्मार्ट फोन चलाउन सक्ने टोलविकास संस्थाको पदाधिकारी लाई नै गणकको जिम्मेवारी प्रदान तथा टोल विकास संस्थाले सिफारिस गरेको व्यक्तिलाई गणकको जिम्मेवारी प्रदान गर्नको लागि व्यक्ति तोकि नामलिष्ट वडा कार्यालयमा पठाउने छ र अन्त्यमा वडाले सवै टोलविकासले सिफारिस गरे वमोजिमका व्यक्तिहरुको नामलिष्ट पालिकामा पठाउने छ। यसरी टोल विकास संस्था मार्फत वडाले पठाएको व्यक्ति नै गणक हुनेछन्।

➢ **<u>गणकका लागि निर्देशन</u>**

- सर्वेक्षण सुरु गर्नु अघि उद्देश्य स्पष्ट रूपमा जानकारी गराउने
- उत्तरदाताको सहमति लिनु पर्ने
- निष्पक्ष र यथार्थपरक रूपमा तथ्याङ्क संकलन गर्ने
- कुनै पनि जानकारी अनुमानका आधारमा भर्न नहुने
- सबै उत्तरहरू यथार्थ रूपमा अभिलेख गर्ने
- गोपनीयता कायम राख्ने

**७.तालिम**

गणकको छनौट पश्चात Application प्रयोग सम्बन्धमा तालिम संचालन गरिने र सबैलाई युजर आईडी र पासपोर्ड उपलब्ध गराईने छ ।

**८.सम्झौता**

गणकको छनौट पश्चात अनुसुचि २ बमोजिमको सम्झौता गर्ने र सम्झौता पत्र गणकलाई उपलब्ध गराईने छ ।

**९.पारिश्रमिक**

- तथ्याङ्क संकलन गर्दा तथा संकलित तथ्याङ्क लाई एकिकृत, व्यवस्थापन तथा विष्लेषण गर्दा लाग्ने खर्च तथा पारिश्रमिक सम्बन्धीत गणकको बैंक खातामार्फत भुक्तानी गरिने छ। पारिश्रमिकका आधारहरु तपशिल बमोजिम रहने छ।

१. गणकले प्रति घरधुरि विवरण संकलन गर्दा पाउने पारिश्रमिक निम्नानुसार रहने छ।

- प्रतिघरधुरी सर्वेक्षण वापत रु. ३५/- प्रदान गरिने।

२. गणकले कामकाज गर्दा ईन्टरनेट आवश्यक रहने तथा विभिन्न व्यक्तिहरुसंग समन्वय गर्दा लाग्ने संचार खर्चवापत एकमुष्ट रु. १००० प्रदान गरिने।

३. गणकले तथ्याङ्क संकलन गर्दा लाग्ने यातायात खर्च वापत एकमुष्ट रु.१००० प्रदान गरिने।

भुक्तानी संकलित र प्रमाणित तथ्याङ्क अनुसार विवरण प्रमाणित भएपछि मात्र पालिकाबाट प्रदान गरिनेछ ।

**१०. तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण**

गणकद्धारा संकलित गरिएको तथ्याङ्कलाई एकिकृत गरि समग्र पालिकाको तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण गर्न अनुसुचि ३ बमोजिम सम्झौता गरी सेवा प्रदायकलाई जिम्मा दिईनेछ। सोको जिम्मेवारी निम्नानुसार रहने छ।

- डिजिटल प्रणालीमा संकलित तथ्याङ्कलाई व्यवस्थित रूपमा अभिलेख तथा एकिकृत गर्ने,
- तथ्याङ्कलाई व्यवस्थीत तरिकाले वर्गीकरण, तालिकीकरण तथा विश्लेषण गर्ने,
- विश्लेषणात्मक रिपोट सहित पालिको यथार्थ अवस्थाको विस्तृत विवरण प्रस्तुत गर्ने,

**११. बजेट**

२०८२/०८३ को बार्षिक योजना पुस्तिकामा रोजगार सेवा केन्द्र तर्फ शुद्धोदन गाउँपालिकाको रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकको तथ्याङ्क संकलन गरी प्रतिवेदन तयार गर्न राखिएको बजेट रहनेछ ।

**१२. अपेक्षित परिणाम**

- गाउँपालिकाको रोजगारी तथा बेरोजगारीको तथ्याङ्कीय रिपोर्ट प्राप्त
- वैदेशिक रोजगारीको अवस्था सम्बन्धी यथार्थ जानकारी
- फर्किएका कामदारहरूको अवस्था र आवश्यकताहरूको पहिचान
- स्थानीय नीति निर्माणका लागि आधारभूत तथ्याङ्क

**१३. उपयोगिता**

यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्क निम्न कार्यहरूमा उपयोगी हुनेछः

- रोजगारमूलक कार्यक्रम सञ्चालन
- सीप विकास तालिमको योजना निर्माण
- उद्यमशीलता विकास
- वैदेशिक रोजगारी व्यवस्थापन
- पुनःएकीकरण तथा पुनर्स्थापना कार्यक्रम
-

**१४. विविधः** शिक्षा, स्वास्थ्य, कृषि तथा पशु शाखा संग सम्बन्धीत समुदायस्तारमा घरधुरि सर्वेक्षण गर्नुपर्ने आवश्यकता माग भए बमोजिम तथ्याङ्क संकलनमा निम्न कुराहरु थप गरिनेछ।

शिक्षाः विद्यालय उमेर समुहका विद्यालय नजाने व्यक्तिको विवरण।
स्वास्थ्यः नसर्ने रोग लागेको विवरण।
कृषिः खेती गरेको जग्गा(धान, मकै, गहु, तरकारी, माछापालन) क्षेत्रफल सहितको विवरण।
पशुः गाई, भैसि, बाख्रा, भेडा तथा दैनीक दुध उत्पादन को विवरण।

**समापनः**

यो मापदण्ड शुद्धोदन गाउँपालिकामा व्यवस्थित ढङ्गले तथ्याङ्क संकलन गर्न तयार गरिएको हो। यसले पालिकाको रोजगार मुलक योजना निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**धन्यवाद।**

# अनुसुचि १

शुद्धोदन गाउँपालिकाको रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकको तथ्याङ्क संकलनगर्दा निम्न अनुसारको प्रश्नहरु राखेर तथ्याङ्क संकलन गर्ने ।

| क्र.स. | विवरण | |
|---|---|---|
| १ | उत्तरदाताको नाम | |
| २ | वडा नं. | |
| ३ | टोल | |
| ४ | सम्पर्क नंम्बर | |
| ५ | घरमुलिको नाम | |
| ६ | कुल परिवार संख्या | महिला |
| | | पुरुष |
| ७ | १८-५९ उमेर समुह सदस्य संख्या | महिला |
| | | पुरुष |
| ८ | परिवारको बार्षिक आम्दानी | |
| ९ | आम्दानीको मुख्य स्रोत | |
| १० | 18-59 बर्षको रोजगार/स्वरोजगार/व्यवसाय/पेशामा संलग्न नरहेको | |
| ११ | नेपालमा रोजगार/स्वरोजगार/व्यवसाय मा संलग्न सदस्य संख्या | |
| १२ | विदेशमा परिवार हुनुहुन्छ | |
| १३ | के का लागी (अध्ययन/रोजगारी/व्यवसाय) | |
| १४ | वैदेशिक रोजगारीमा रहेका परिवार संख्या | महिला |
| | | पुरुष |
| १५ | अध्ययनको लागि रहेको परिवार संख्या | महिला |
| | | पुरुष |
| १६ | व्यवसायको लागि | महिला |
| | | पुरुष |
| १७ | गएको देश | |
| १८ | वैदेशिक रोजगारीबाट फर्किएको हनुहुन्छ | |

| | | |
|---|---|---|
| १९ | वैदेशिक रोजगारीबाट फर्किएको व्यक्तिको नाम | |
| २० | पासपोर्ट नं. | |
| २१ | वैदेशिक रोजगारीको लागि गएको देश | |
| २२ | वैदेशिक रोजगारीबाट फर्किएको मिति | |
| २३ | वैदेशिक रोजगारीको कार्यअवधि | |
| २४ | वैदेशिक रोजगारीबाट सिकेको सिप | |
| २५ | हालको अवस्था(पेशा) | |
| २६ | सम्पर्क नं. | |
| २७ | उमेर | |
| २८ | शुद्धोदन गाउँपालिकामा रोजगारीको सम्भावना क्षेत्र के हुन सक्छ | |

| | | |
|---|---|---|
| २९ | परिवारमा नसर्ने रोग लागेको कोही व्यक्ती हुनुहुन्छ, हुनुहुन्छ भने कुन रोग लागेको छ। | |
| ३० | परिवारमा विद्यालय उमेर समुहका तर विद्यालय नजाने कति जना सदस्य हुनुहुन्छ। | |
| ३१ | परिवारमा पशुपालन गर्नुभएको छ । छ भने के के छ। | |
| ३२ | गाई/भैसी पालन छ भने दैनिक दुध उत्पादन कति छ। | |
| ३३ | खेती गरेको जग्गा(धान, मकै, गहु, तरकारी, माछापालन) क्षेत्रफल सहितको विवरण भन्नुहोस। | |

## अनुसुचि-२

शुद्धोदन गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरूको रोजगारी, वैदेशिक रोजगारीमा गएका , तथा फर्किएको नागरिकहरुको तथ्याङ्क संकलनको लागि गणक र पालिका विचको सम्झौता पत्र ।

### सम्झौता पत्र

शुद्धोदन गाउँपालिका, रुपन्देही (यसपछि "पालिका" भनिनेछ) र गणक श्री
यसपछि "गणक" भनिनेछ ।बीच निम्न शर्तहरूका आधारमा यो सम्झौता पत्र तयार गरिएको छ।

### १. सम्झौताको उद्देश्य

शुद्धोदन गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरूको रोजगारी, वैदेशिक रोजगारीमा गएका , तथा फर्किएको नागरिकहरुको वास्तविक अवस्था पहिचान गर्न सञ्चालन गरिने सर्वेक्षण कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु यस सम्झौताको मुख्य उद्देश्य हो।

### २. कार्य क्षेत्र र जिम्मेवारी

#### २.१ पालिकाको जिम्मेवारीः

- सर्वेक्षण सञ्चालनका लागि आवश्यक नीतिगत तथा प्राविधिक मार्गदर्शन प्रदान गर्ने।
- Application को प्रयोग सम्बन्धी तालिम तथा आवश्यक जानकारी उपलब्ध गराउने।
- वडा कार्यालय, टोल विकास संस्था र अन्य सरोकारवालाबीच समन्वय गर्ने।
- संकलित तथ्याङ्कको सुरक्षित भण्डारण तथा उपयोग सुनिश्चित गर्ने।

#### २.२ गणकको जिम्मेवारीः

- तोकिएको क्षेत्रमा घरधुरी सर्वेक्षण कार्य पूर्ण रूपमा सञ्चालन गर्ने।
- Application मार्फत तथ्याङ्क शुद्ध, यथार्थ र समयमै संकलन गर्ने।
- सर्वेक्षणका क्रममा प्राप्त जानकारीको गोपनीयता कायम राख्ने।
- पालिकाले दिएको निर्देशन, तालिम र मापदण्ड अनुसार कार्य गर्ने।
- तोकिएको समयसीमाभित्र कार्य सम्पन्न गरी बुझाउने।

### ३. कार्य अवधि

यो सम्झौता मिति __________ देखि मिति __________ सम्म लागू रहनेछ। आवश्यकता अनुसार पालिकाले अवधि थप वा परिमार्जन गर्न सक्नेछ।

### ४. पारिश्रमिक तथा सुविधा

- शुद्धोदन गाउँपालिकाको रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकको तथ्याङ्क संकलन गर्ने मापदण्ड, २०८३ बमोजिम हुनेछ।

- भुक्तानी कार्य सम्पन्न भएपछि वा चरणबद्ध रूपमा पालिकाको निर्णय अनुसार गरिनेछ।

**५. गोपनीयता**

सर्वेक्षणका क्रममा संकलित सबै जानकारी गोप्य रहनेछ। गणकले कुनै पनि व्यक्तिको व्यक्तिगत विवरण तेस्रो पक्षलाई खुलासा गर्न पाउने छैन। उल्लङ्घन भएको खण्डमा कानुनी कारबाही गरिनेछ।

**६. अनुशासन तथा आचारसंहिता**

- गणकले सर्वेक्षणका क्रममा मर्यादित व्यवहार अपनाउनु पर्नेछ।
- गलत तथ्याङ्क संकलन, ढिलासुस्ती वा लापरवाही प्रमाणित भएमा सम्झौता रद्द गर्न सकिनेछ।

**७. सम्झौता रद्द**

- कुनै पक्षले सम्झौता उल्लङ्घन गरेमा अर्को पक्षले लिखित जानकारी दिई सम्झौता रद्द गर्न सक्नेछ।
- गम्भीर त्रुटि वा अनुशासनहीनता भएमा तत्काल सम्झौता समाप्त गर्न सकिनेछ।

**८. अन्य व्यवस्था**

- यस सम्झौतामा उल्लेख नभएका विषयहरू आपसी समझदारी र पालिकाको नियम अनुसार समाधान गरिनेछ।

**९. स्वीकृति**

उपरोक्त शर्तहरूमा दुवै पक्ष सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

**पालिकाको तर्फबाट**

नामः ____________________

पदः ____________________

हस्ताक्षरः ____________________

मितिः ____________________

**गणक (Enumerator)**

नामः ____________________

ठेगानाः ____________________

हस्ताक्षरः ____________________

मितिः ____________________

**साक्षीहरू:**

१. नामः ____________________

हस्ताक्षरः

२. नामः ____________________

हस्ताक्षरः

अनुसुचि-३

**सम्झौता पत्र**

शुद्धोदन गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरूको रोजगारी, वैदेशिक रोजगारीमा गएका , तथा फर्किएको नागरिकहरुको तथ्याङ्क संकलनको लागि डाटा कम्पाईल, विश्लेषण तथा प्रतिवेदन तयार गर्ने पक्ष र पालिका विचको सम्झौता पत्र ।

## सम्झौता पत्र (Agreement Letter)

**शुद्धोदन गाउँपालिका** (यसपछि "पालिका" भनिनेछ)
**र डाटा कम्पाईल, विश्लेषण तथा प्रतिवेदन तयार गर्ने पक्षः** ______________________(यसपछि "सेवा प्रदायक" भनिनेछ)बीच निम्न शर्तहरूका आधारमा यो सम्झौता पत्र तयार गरिएको छ।

### १. सम्झौताको उद्देश्य

शुद्धोदन गाउँपालिकाभित्र सञ्चालन गरिने रोजगारी, बेरोजगारी तथा वैदेशिक रोजगारीसम्बन्धी सर्वेक्षणबाट संकलित तथ्याङ्कलाई व्यवस्थित रूपमा कम्पाईल, विश्लेषण गरी विश्वसनीय तथा प्रयोगयोग्य प्रतिवेदन तयार गर्नु यस सम्झौताको मुख्य उद्देश्य हो।

### २. कार्य क्षेत्र र जिम्मेवारी

#### २.१ पालिकाको जिम्मेवारीः

- संकलित कच्चा तथ्याङ्क (Raw Data) सेवा प्रदायकलाई उपलब्ध गराउने।
- आवश्यक नीतिगत तथा प्राविधिक मार्गदर्शन प्रदान गर्ने।
- सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने।
- प्रतिवेदनको प्रारूप (Format) तथा अपेक्षित नतिजाबारे स्पष्ट निर्देशन दिने।

#### २.२ सेवा प्रदायकको जिम्मेवारीः

- प्राप्त तथ्याङ्कलाई सफा (Data Cleaning), वर्गीकरण तथा व्यवस्थित कम्पाईल गर्ने।
- तथ्याङ्कको वैज्ञानिक र तथ्यपरक विश्लेषण गर्ने।
- रोजगारी, बेरोजगारी, वैदेशिक रोजगारी तथा फर्किएका नागरिकहरूको सामाजिक—आर्थिक अवस्थाबारे स्पष्ट निष्कर्ष निकाल्ने।
- प्रारम्भिक (Draft) तथा अन्तिम (Final) प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने।
- आवश्यक परेमा प्रस्तुतीकरण (Presentation) गर्ने।
- सम्पूर्ण कार्य तोकिएको समयसीमाभित्र सम्पन्न गर्ने।
- प्राप्त सबै तथ्याङ्कको गोपनीयता कायम राख्ने।

### ३. कार्य अवधि

यो सम्झौता मिति __________ देखि मिति __________ सम्म लागू रहनेछ। आवश्यकताअनुसार अवधि परिमार्जन गर्न सकिनेछ।

## ४. पारिश्रमिक तथा भुक्तानी

- भुक्तानी चरणबद्ध वा कार्य सम्पन्न भएपछि पालिकाको निर्णय अनुसार गरिनेछ।

## ५. गोपनीयता

सर्वेक्षणबाट प्राप्त सबै तथ्याङ्क गोप्य रहनेछ। सेवा प्रदायकले कुनै पनि तथ्याङ्क तेस्रो पक्षलाई अनुमति बिना उपलब्ध गराउन पाउने छैन। उल्लङ्घन भएमा कानुनी कारबाही गरिनेछ।

## ६. गुणस्तर सुनिश्चितता

- सेवा प्रदायकले उच्चस्तरीय विश्लेषणात्मक मापदण्ड अपनाउनु पर्नेछ।
- प्रतिवेदन तथ्यमा आधारित, स्पष्ट, त्रुटिरहित र नीति निर्माणका लागि उपयोगी हुनुपर्नेछ।
- पालिकाले आवश्यक परेमा सुधार (Revision) गर्न निर्देशन दिन सक्नेछ।

## ७. बौद्धिक सम्पत्ति अधिकार

तयार गरिएको सम्पूर्ण प्रतिवेदन, तथ्याङ्क विश्लेषण तथा सम्बन्धित सामग्रीको स्वामित्व शुद्धोदन गाउँपालिकामा रहनेछ।

## ८. सम्झौता रद्द

- कुनै पक्षले सम्झौता उल्लङ्घन गरेमा अर्को पक्षले लिखित सूचना दिई सम्झौता रद्द गर्न सक्नेछ।
- गम्भीर लापरवाही वा गोपनीयता उल्लङ्घन भएमा तत्काल सम्झौता समाप्त गर्न सकिनेछ।

## ९. अन्य व्यवस्था

यस सम्झौतामा उल्लेख नभएका विषयहरू आपसी समझदारी तथा प्रचलित कानुन अनुसार समाधान गरिनेछ।

## १०. स्वीकृति

उपरोक्त शर्तहरूमा दुवै पक्ष सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

**पालिकाको तर्फबाट**

नामः ______________________________

पदः ______________________________

हस्ताक्षरः _______________________

मितिः _____________________________

**साक्षीहरूः**

**सेवा प्रदायकको तर्फबाट**

नामः ______________________________

संस्था/फर्मः ______________________

हस्ताक्षरः _______________________

मितिः _____________________________

**प्रमाणीकरण मिति : २०८३/०१/२५**

आज्ञाले,<br>
लेख बहादुर बस्नेत<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
शुद्धोदन गाउँपालिका